वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित
www.bhanjyangnews.com

# भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक




वर्ष ४५ अंक ११९ | २०८३ भदौ १२ गते शुक्रबार, नेपाल सम्वत् ११४६ August 28, 2026 | पृष्ठ ४ | मूल्य : रू. १५/-



## बाढीपछि सुरक्षित स्थानतर्फ जाँदै स्थानीय

नुवाकोटको देवीघाटमा बुधबार आएको बाढीपछि घर डुबानमा परेपछि स्थानीयवासी आफ्ना सामान बोकेर सुरक्षित स्थानतर्फ जाँदै ।

*तस्बिर : निरञ्जन श्रेष्ठ/एपी*

# बाढीको कारण हिउँ-चट्टानको हिमपहिरो, तल्लो तटीय क्षेत्रमा सजगता अपनाउन आग्रह

**भीष्मराज ओझा**

रसुवामा बुधबार बिहान आएको भीषण आकस्मिक बाढीले ठूलो जनधनको क्षति पुर्‍याएको छ । भोटेकोशी र त्रिशूली नदी प्रणाली हुँदै पानी, गेग्रान र ठूला ढुङ्गासहितको शक्तिशाली बाढी बगेपछि तल्लो तटीय क्षेत्रमा थप असर पर्न सक्ने भन्दै विज्ञहरूले सजगता अपनाउन आग्रह गरेका छन् । बुधबार बिहान करिब ९:०० बजे भोटेकोशी जलाधार क्षेत्रमा पानीको सतह तीव्र रूपमा बढ्न थालेको थियो । बाढीले रसुवा, नुवाकोट र धादिङमा ठूलो क्षति पुर्‍याएको छ ।

अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड) तथा नेपाल र चीनका साझेदार संस्थाका वैज्ञानिकले यो बाढी उच्च हिमाली क्षेत्रमा उत्पन्न हिउँ-चट्टानको हिमपहिरो (आइस-रक एभालान्च) का कारण आएको हुन सक्ने विषयमा अनुसन्धान गरिरहेका छन्।

भिडियो फुटेज तथा प्रभावित क्षेत्रबाट प्राप्त सूचनाका आधारमा गरिएको प्रारम्भिक मूल्याङ्कन अनुसार ठूलो परिमाणमा हिउँ र चट्टानको गेग्रान भोटेकोशी नदीको सहायक नदी ल्हेन्दे खोलामा खसेको हुन सक्छ। अनुसन्धानकर्ताका अनुसार उक्त घटनाले अचानक ठूलो बहाव सिर्जना गरेको हुन सक्छ, जसले पानी, गेग्रान र ठूला ढुङ्गाहरूलाई तल्लो तटतर्फ बगाएको थियो ।

जलविज्ञान सम्बन्धी अवलोकनले बाढीको बहावको गति र परिमाण असाधारण रहेको देखाएको छ । गल्छीमा त्रिशूली नदीको पानीको सतह ३० मिनेटमा नौ मिटरसम्म बढेको तथा मलेखुमा सोही अवधिमा सात मिटरले बढेको बताइएको छ ।

त्रिशूली नदीको किनारमा रहेका धेरै पानी मापन केन्द्र बाढीका क्रममा क्षतिग्रस्त वा बगाएको बताइएको छ । यद्यपि, गल्छीको पानी मापन केन्द्र भने सञ्चालनमै रहेको इसिमोडले जनाएको छ ।

विशेषज्ञले गेग्रानले नदीको साँघुरो भागमा अस्थायी रूपमा नदी थुनेर पहिरो बाँध (ल्यान्डस्लाइड ड्याम) बनाएको थियो कि थिएन भन्ने विषयमा पनि मूल्याङ्कन गरिरहेका छन् । यस्तो अवरोधका कारण जम्मा भएको पानी अचानक बाहिर निस्किएमा दोस्रो चरणको जोखिम उत्पन्न हुन सक्छ। सम्भावित अवरोधको आकार, स्थान र स्थायित्वबारे अधिकारी तथा वैज्ञानिकहरूले निरन्तर मूल्याङ्कन गरिरहेका छन् ।



विपद्को समयमा 'रेकर्ड' गरिएका भूकम्पीय तथ्याङ्कको प्रारम्भिक विश्लेषणले असामान्य संकेत पहिचान गरेको छ । प्रभावित क्षेत्रबाट उत्तरतर्फ करिब १२ किलोमिटर टाढा जिलुङ्मा रहेको भूकम्पमापन केन्द्रले असामान्य संकेत रेकर्ड गरेको थियो भने झाङ्मुस्थित अर्को केन्द्रले पनि असमान्य गतिविधि रेकर्ड गरेको थियो ।

वैज्ञानिकहरूले ती संकेत सम्भावित हिमपहिरोसँग सम्बन्धित छन् कि छैनन् भन्ने अध्ययन गरिरहेका छन्। हालसम्म भूकम्पीय गतिविधि र बाढीबीच कुनै कारणात्मक सम्बन्ध स्थापित भएको छैन । इसिमोडका जलवायु तथा वातावरणीय जोखिम प्रमुख स्याङ्गोङ झाङले गत वर्षको रसुवा बाढीबाट ध्वस्त भएको यही क्षेत्र फेरि एकपटक जोखिममा परेको बताउँदै ल्हेन्दे खोलामा आएको बाढीको सम्भावित कारण हिमपहिरो भएको उल्लेख गर्नुभयो।

"नेपाल-चीन सीमास्थित नदीको माथिल्लो क्षेत्रमा अझै अवरोध कायम रहेकाले अधिकारीहरूले

*बाँकी तेश्रो पेजमा*

# भोटेकोशी बाढी : तनहुँ क्षेत्रमा २८ शव फेला

**भञ्ज्याङ समाचारदाता/तनहुँ**

भोटेकोशी नदीमा आएको भीषण बाढीपछि तनहुँ जिल्लाको आँबुखैरेनी र देवघाट क्षेत्रमा सञ्चालन गरिएको खोज तथा उद्धारका क्रममा हालसम्म २८ वटा शव फेला परेका छन् ।

जिल्ला प्रहरी कार्यालय तनहुँका अनुसार बाढीमा बेपत्ता भएकाको खोजी तथा उद्धारका लागि परिचालित प्रहरी टोलीले बुधबार ९ वटा शव फेला पारेको थियो । ती शवलाई गण्डकी अस्पताल पोखरामा राखिएको छ ।

त्यसैगरी बिहीबार पनि खोजीका क्रममा थप १९ वटा शव फेला परेका छन् । तीमध्ये १४ वटा शव गण्डकी अस्पताल पोखरा र पाँच वटा शव दमौली अस्पतालमा राखिएको प्रहरीले जनाएको छ ।

भोटेकोशी नदीमा आएको बाढीका कारण तनहुँका आँबुखैरेनी गाउँपालिका र देवघाट गाउँपालिकासहित नदी आसपासका क्षेत्रमा ठूलो क्षति पुगेको छ । बाढीमा बेपत्ता भएकाहरूको खोजीका लागि प्रहरी टोली परिचालन गरिएको छ ।



फेला परेका सबै शवको पहिचानका लागि आवश्यक प्रक्रिया अगाडि बढाइएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । शव पहिचानका लागि सम्बन्धित परिवार तथा आफन्तसँग समन्वय गर्ने कार्यसमेत भइरहेको छ ।

प्रहरीका अनुसार बाढीमा बेपत्ता भएकाहरूको खोजी तथा उद्धार कार्य शुक्रबार पनि निरन्तर सञ्चालन गरिनेछ । नदी तथा आसपासका क्षेत्रमा थप शव फेला पर्न सक्ने भएकाले खोजी कार्यलाई प्राथमिकताका साथ अघि बढाइएको प्रहरीले जनाएको छ ।

## सम्पादकीय ............

www.bhanjyangnews.com

# खाँचो राष्ट्रिय एकताको

रसुवाको भोटेकोशी नदीमा आएको भीषण बाढीले ठूलो जनधनको क्षति पुऱ्याएको छ । अचानक आएको बाढीले मानव बस्ती, सडक, पुल, विद्युत्, सञ्चार तथा जलविद्युत् संरचनामा क्षति पुऱ्याउँदा धेरै परिवार विस्थापित भएका छन् भने कैयौँ नागरिक बेपत्ता भएका छन् । तनहुँको आँबुखैरेनी र देवघाट क्षेत्रमा समेत बाढीले बगाएर ल्याएका शव फेला पर्ने क्रम जारी छ । यस्तो पीडादायी घटनाले सिंगो देशलाई शोकमा डुबाएको छ । प्राकृतिक विपत्ति रोक्न मानिसको सामर्थ्य सीमित हुन्छ । तर विपत्ति आएपछि त्यसबाट हुने क्षति कम गर्ने, प्रभावितको उद्धार गर्ने र विस्थापितलाई सुरक्षित राख्ने जिम्मेवारी राज्यको हो । यस दृष्टिले तत्काल नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी तथा विपद् व्यवस्थापनका संयन्त्र परिचालन गरी खोज तथा उद्धार अघि बढाइनु सकारात्मक पक्ष हो । तर प्रारम्भिक उद्धारसँगै अबको चुनौती अझ ठूलो छ । प्रभावित नागरिकलाई राहत, उपचार, सुरक्षित आश्रय र पुनःस्थापनाको भरपर्दो व्यवस्था गर्न राज्यले योजनाबद्ध ढंगले काम गर्नुपर्छ ।

यस्तो अवस्थामा सबैभन्दा पहिले बाढीबाट भएको क्षतिको यथार्थ विवरण सार्वजनिक गर्न आवश्यक छ । कति मानिस बेपत्ता छन्, कति परिवार विस्थापित भए, कहाँ कति भौतिक क्षति भयो भन्ने तथ्य स्पष्ट नभएसम्म राहत र पुनःस्थापनाको योजना प्रभावकारी बन्न सक्दैन । त्यसैले स्थानीय तह, सुरक्षा निकाय र सम्बन्धित सरकारी निकायबीच समन्वय गरी क्षतिको वास्तविक विवरण संकलन र सार्वजनिक गरिनुपर्छ । राहत वितरणमा पनि पारदर्शिता अत्यन्त आवश्यक छ । विपत्तिका बेला सहयोग गर्ने नाममा एउटै ठाउँमा आवश्यकताभन्दा बढी सामग्री थुप्रिने र दुर्गम तथा प्रभावित बस्तीमा आवश्यक सामग्री नपुग्ने समस्या विगतमा देखिएका छन् । यसपटक त्यस्तो अवस्था दोहोरिन दिनु हुँदैन। निजी क्षेत्र, सामाजिक संस्था तथा गैरसरकारी संघसंस्थाबाट प्राप्त सहयोगलाई स्थानीय आवश्यकता र सरकारी समन्वयअनुसार वितरण गर्ने व्यवस्था मिलाउनुपर्छ। आर्थिक सहयोगलाई व्यवस्थित गर्न एकद्वार प्रणाली प्रभावकारी बनाउन सकिन्छ।

बाढीपछि मानिसलाई खाना र बस्ने ठाउँ उपलब्ध गराउनु मात्र पर्याप्त हुँदैन । घाइतेको उपचार, स्वच्छ खानेपानी, औषधि, सरसफाइ, बालबालिका तथा ज्येष्ठ नागरिकको सुरक्षा र विस्थापित परिवारको मनोसामाजिक अवस्थालाई समेत प्राथमिकतामा राख्नुपर्छ । विशेषगरी महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति तथा अन्य जोखिममा रहेका समूह विपत्तिपछि थप जोखिममा पर्न सक्छन्। उनीहरूको सुरक्षा र सम्मान सुनिश्चित गर्नु राज्य तथा सहयोगी संस्थाको दायित्व हो । यस विपत्तिले अर्को महत्वपूर्ण प्रश्न पनि उठाएको छ– हाम्रो पूर्वसूचना प्रणाली कति प्रभावकारी छ ? सीमापारबाट आउने नदीको जलप्रवाह, मौसमको अवस्था, हिमताल तथा नदीको जलस्तरमा हुने परिवर्तनबारे समयमै सूचना प्राप्त गरी तल्लो तटीय क्षेत्रका नागरिकलाई चेतावनी दिन सकिने भरपर्दो प्रणाली आवश्यक छ। मोबाइल एसएमएस, स्थानीय रेडियो, सामाजिक सञ्जाल तथा अन्य सञ्चार माध्यमबाट जोखिममा रहेका समुदायलाई समयमै सूचना दिन सक्ने प्रणाली विकास गर्नुपर्छ। पूर्वसूचना पाएर सुरक्षित स्थानमा पुग्न सक्दा ठूलो मानवीय क्षति रोक्न सकिन्छ ।

भोटेकोशी नदीको जोखिमलाई अब एउटा घटनाका रूपमा मात्र हेर्नु हुँदैन । जलवायु परिवर्तनका कारण हिमाली क्षेत्रमा बाढी, पहिरो र हिमताल विस्फोटको जोखिम बढिरहेको अवस्थामा नदी किनारमा अव्यवस्थित बस्ती तथा पूर्वाधार निर्माणबारे गम्भीर पुनर्विचार आवश्यक छ । विकासका नाममा जोखिमपूर्ण क्षेत्रमा बस्ती, सडक तथा जलविद्युत् संरचना निर्माण गर्दा भविष्यमा अझ ठूलो क्षति हुन सक्छ । त्यसैले विकास र विपद् जोखिम न्यूनीकरणलाई सँगसँगै अघि बढाउनुपर्छ । यस विपत्तिको बीचमा देखिएको राजनीतिक एकता भने आशालाग्दो पक्ष हो। सामान्य अवस्थामा राजनीतिक दलहरूबीच मतभेद र आरोप–प्रत्यारोप हुनु स्वाभाविक भए पनि राष्ट्रिय विपत्तिका बेला नागरिकको जीवनभन्दा ठूलो कुनै राजनीतिक एजेण्डा हुन सक्दैन। सरकार, राजनीतिक दल, निजी क्षेत्र, सामाजिक संस्था र आम नागरिक एक ठाउँमा उभिएर उद्धार तथा राहतमा हातेमालो गर्नु आजको आवश्यकता हो ।

विपत्ति हामीले रोक्न सकेनौँ । तर विपत्तिपछिको व्यवस्थापन कस्तो हुन्छ भन्ने कुरा हाम्रो तयारी, संवेदनशीलता र सामूहिक इच्छाशक्तिमा निर्भर गर्छ । अहिलेको राष्ट्रिय एकतालाई राहत र उद्धारमा मात्र सीमित नराखी दीर्घकालीन पुनःस्थापना, सुरक्षित पूर्वाधार निर्माण र विपद् जोखिम न्यूनीकरणसम्म विस्तार गर्नुपर्छ । भोटेकोशीको बाढीले दिएको पीडाबाट पाठ सिकेर भविष्यमा यस्ता विपत्तिमा कमभन्दा कम मानवीय क्षति हुने वातावरण निर्माण गर्नु नै पीडितप्रतिको वास्तविक सम्मान हुनेछ ।

# इतिहास, संस्कृति, प्रकृति र आधुनिकताको जीवन्त संगम : पहाडकी रानी बन्दीपुर

तनहुँको महाभारत पर्वत श्रृंखलाको डाँडामाथि अवस्थित बन्दीपुर नेपालको पहाडी भूगोलमा आफ्नै विशिष्ट पहिचान बोकेको ऐतिहासिक बस्ती हो । समुद्री सतहबाट करिब एक हजार मिटरको उचाइमा रहेको यो पहाड सहर प्राकृतिक सौन्दर्य, परम्परागत नेवारी वास्तुकला, धार्मिक तथा सांस्कृतिक सम्पदा, पदयात्रा र हिमाली दृश्यका कारण देश–विदेशका पर्यटकका लागि आकर्षणको केन्द्र बनेको छ। नेपाल पर्यटन बोर्डले पनि बन्दीपुरलाई पुरानो सांस्कृतिक स्वाद जोगाइराखेको परम्परागत नेवारी पहाडी बस्तीका रूपमा प्रस्तुत गरेको छ ।

बन्दीपुरलाई 'पहाडकी रानी' भनिन्छ। यो उपमा केवल यसको भौगोलिक सौन्दर्यका कारण प्राप्त भएको होइन । बन्दीपुरको वास्तविक विशिष्टता यसको इतिहास, संस्कृति, वास्तुकला, प्रकृति र समयसँगै परिवर्तन हुँदै पनि आफ्नो मौलिकता जोगाएर राख्न सकेको जीवन्त सामाजिक संरचनामा निहित छ ।

यहाँ पुग्ने यात्रुले एकै ठाउँमा पुरानो बजारको वास्तुकला, ढुङ्गे गल्ली, मन्दिर र धार्मिक सम्पदा, हरियाली पहाड, पदमार्ग, गुफा र हिमाली दृश्यको अनुभव गर्न सक्छ। त्यसैले बन्दीपुर एउटा पर्यटन गन्तव्य मात्र होइन, नेपालको पहाडी समाजको धार्मिक, ऐतिहासिक, सांस्कृतिक र बाणिज्य केन्द्रको इतिहासको विकासलाई नजिकबाट बुझ्ने अवसर पनि हो ।




### व्यापारिक नाकाबाट पर्यटकीय गन्तव्यसम्म

बन्दीपुरको इतिहास पर्यटनबाट सुरू भएको होइन । मोटर यातायातको विकास हुनुअघि यो पश्चिम पहाडका लागि महत्वपूर्ण व्यापारिक नाका थियो । बन्दीपुर गाउँपालिकाको आधिकारिक परिचयअनुसार तनहुँ, कास्की, लमजुङ, गोरखा र मनाङतर्फ दक्षिणबाट सामान ल्याउने मुख्य व्यापारिक नाकाका रूपमा बन्दीपुर विकसित भएको थियो। त्यस समय बन्दीपुर केवल बस्ती नभई व्यापारिक आवागमन र सामाजिक अन्तरक्रियाको महत्वपूर्ण केन्द्र थियो ।

नेपाल पर्यटन बोर्डले पनि बन्दीपुरलाई विगतमा तिब्बत-भारत व्यापारिक मार्गसँग जोडिएको जीवन्त व्यापारिक केन्द्रका रूपमा उल्लेख गरेको छ। व्यापारिक गतिविधिसँगै यहाँ विभिन्न समुदायको बसोबास र सांस्कृतिक आदानप्रदान बढ्दै गयो । नेवार समुदायको प्रभावले बन्दीपुरको बजार क्षेत्रको वास्तुकला र सांस्कृतिक स्वरूपलाई विशेष पहिचान प्रदान गऱ्यो।

बन्दीपुरका परम्परागत घर, कलात्मक झ्याल–ढोका, काठका संरचना, इँटाका भित्ताहरु र ढुङ्गा छापिएका गल्लीहरूले यसको पुरानो सहरी जीवनको झल्को दिन्छन् । यी संरचना आज पनि बन्दीपुरको पर्यटन सम्पदाका रूपमा महत्वपूर्ण छन् ।

यस अर्थमा बन्दीपुरको वास्तुकला केवल सुन्दर देखिने भौतिक संरचना होइन; यो व्यापार, बसाइँसराइ, सामाजिक सम्बन्ध र सांस्कृतिक विकासको इतिहास बोकेको अभिलेख हो ।

### बन्दीपुरको ऐतिहासिक

गोरखाका राजा पृथ्वीनारायण शाहले नेपाल एकीरणको नाउँमा भक्तपुर कब्जा गरेपछि भक्तपुरबाट बसाई सरेर नेवार समुदाय लमजुङको तार्कुघार आइपुगेको पछि उपर्युक्त वाणिज्य केन्द्रको खोजीमा बन्दीपुर आईपुगेको देखिन्छ । विस्तारै उनीहरूले वन्दिपुरबाट वन्द व्यापार शुरू गरि बाणिज्य केन्द्रको रूपमा अगाडि बढाएका थिए । वि.स. १९३७ मा तनहुँको तनहुँसुरमा रहेको प्रशासनिक केन्द्र बन्दीपुर स्थानान्तरण गरिएको थियो । यसै गरी १९७८ मा पश्चिम ३ नं. का वडाहाकिमको कार्यालय पश्चिम माझखण्डको माझटारमा स्थापित रहेको कार्यालय पनि औल र खवाटे रोगका कारणले गर्दा सो अड्डा पनि बन्दीपुर नै स्थानान्तरण गरियो । वि.सं. १९८५ मा श्री ३ चन्द शमशेरले मिलिशियालाई गोश्वारामा परिणत गरेका तिनै गोश्वाराहरु जिल्ला प्रशासन कार्यालयमा परिणत गरेपछि बन्दि थोक नै बन्दीपुर नामाकरण गरी बन्दीपुरको चकचकी बढ्यो। बन्दीपुरले भारतको पटनासम्म चितवनको ठोरी हुँदै व्यपारिक कोरोवार शुरू गरेपछि बन्दीपुरको महत्व नै अझ बढ्यो ।

### सदरमुकाम गुमेपछि आएको परिवर्तन

बन्दीपुरको इतिहासमा वि.सं. २०२५ साल महत्वपूर्ण मोडका रूपमा आउँछ। बन्दीपुर गाउँपालिकाको आधिकारिक विवरणअनुसार त्यस वर्ष तनहुँको सदरमुकाम बन्दीपुरबाट दमौली सारियो। सदरमुकाम स्थानान्तरणसँगै प्रशासनिक गतिविधि र त्यससँग सम्बन्धित आर्थिक चहलपहलमा परिवर्तन आयो ।

यसपछि सडक तथा मोटर यातायातको विस्तारले व्यापारिक गतिविधिको केन्द्र पनि क्रमशः परिवर्तन गऱ्यो। पुरानो पैदल व्यापारिक मार्गको महत्व घट्दै जाँदा बन्दीपुर केही समय आर्थिक तथा सामाजिक रूपमा ओझेलमा परेको थियो । तर यही परिवर्तनले बन्दीपुरको अर्को सम्भावनाको ढोका खोल्यो। व्यापारिक केन्द्रको पुरानो परिचय कमजोर भएपनि बन्दीपुरसँग रहेको इतिहास, वास्तुकला, सांस्कृतिक सम्पदा र प्राकृतिक सौन्दर्य बाँकी नै थियो । पछि यही मौलिकता पर्यटन विकासको आधार बन्यो ।

बन्दीपुर गाउँपालिकाको आफ्नै परिचयमा पनि सदरमुकाम दमौली सारिएपछि सांस्कृतिक सम्पदा र प्राकृतिक मनोरमताको प्रचारप्रसारसँगै बन्दीपुर व्यापारिक नाकाबाट पर्यटकीय गन्तव्यका रूपमा स्थापित हुँदै गएको उल्लेख छ।

### इतिहास नै पर्यटनको पूँजी

बन्दीपुरको पर्यटन विकासको एउटा महत्वपूर्ण विशेषता यसको पुरानो स्वरूपलाई पूर्ण रूपमा विस्थापित नगरी त्यसलाई नै पर्यटनको सम्पत्तिमा रूपान्तरण गर्नु हो । परम्परागत घर र बजार क्षेत्रको मौलिक वातावरणले बन्दीपुरलाई अन्य सामान्य पहाडी पर्यटकीय स्थलभन्दा फरक बनाएको छ । पुराना घरहरूभित्र आधुनिक होटल, रेस्टुरेन्ट, क्याफे, पसल तथा आवासीय सुविधा सञ्चालन हुन थालेका छन् । यसले इतिहास र आधुनिक आतिथ्यबीच सहअस्तित्वको सम्भावना देखाएको छ । पुराना घरलाई नयाँ पर्यटन सेवासँग जोडेर ऐतिहासिक वातावरणलाई जीवन्त राख्ने अभ्यासलाई बन्दीपुरको विशेषता मानिएको छ ।

नेपाल पर्यटन बोर्डका अनुसार बन्दीपुरले आफ्ना पुराना सांस्कृतिक विशेषता–मन्दिर, धार्मिक स्थल, पवित्र गुफा, चाडपर्व र नेवारी वास्तुकलालाई अझै जोगाएर राखेको छ । यसैले बन्दीपुरलाई 'जीवित संग्रहालय'का रूपमा बुझ्न सकिन्छ। यहाँ इतिहास संग्रहालयको बन्द कोठाभित्र मात्र छैन; घरका झ्यालमा छ, गल्लीका ढुङ्गामा छ, मन्दिरका परम्परामा छ र स्थानीय समुदायको दैनिक जीवनमा छ।

### संस्कृतिः बन्दीपुरको आत्मा

बन्दीपुरको पहिचानमा नेवारी संस्कृति महत्वपूर्ण भएपनि यसको सामाजिक जीवन विभिन्न समुदायको सहअस्तित्वबाट बनेको छ। नेपाल पर्यटन बोर्डले बन्दीपुर क्षेत्रमा नेवारसँगै मगर, गुरूङ तथा अन्य समुदायको उपस्थितिलाई उल्लेख गरेको छ । मन्दिर, धार्मिक स्थल, जात्रा, परम्परा,

बाँकी तेश्रो पेजमा

## तपाईको आज

| राशि | |
|---|---|
| मेष | समय फुर्सदिलो रहनाले रमाइलो भेटघाट गर्ने अवसर प्राप्त हुनेछ। प्रतिष्ठा, मान–सम्मान आदि पाइनेछ। |
| वृष | प्रेम र मित्रताको बन्धन कसिनेछ। पारिवारिक जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ। |
| मिथुन | आवश्यक पर्दा सहयोगीहरूले राम्रो साथ दिनेछन्। रोकिएका काम बन्ने र नयाँ काम सुरू गर्ने समय छ। |
| कर्कट | आफ्नो मेहनतबाट अरूले फाइदा उठाउनेछन्। आम्दानी भए पनि खर्च बढ्नाले समस्या पर्नेछ। |
| सिंह | परिस्थितिले स्वतन्त्रतामा बाधा पुर्याउन सक्छ। तर सानो प्रयत्नले फाइदा बढ्नेछ। व्यापारमा लाभ हुनेछ। |
| कन्या | पराक्रमद्वारा अधिकार स्थापित गर्न सकिनेछ। व्यापारलगायत आर्थिक लाभ हुने नयाँ काम प्रारम्भ हुनेछ। |
| तुला | मान्यजनको मार्गदर्शन अनुचित लाग्नेछ। अथवा, कमजोर विकल्प अँगाल्नाले अवसर गुम्न सक्छ। |
| वृश्चिक | अरूलाई प्रभावित पारेर दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ। कीर्तिमानी काम गर्न सफलता मिल्नेछ। |
| धनु | विभिन्न भौतिक साधन जुट्नेछन्। कामले यात्राको अवसर दिलाउन सक्छ। नयाँ ज्ञान सिक्ने मौका छ। |
| मकर | कामको चाप बढ्नेछ तर स्वास्थ्य कमजोर रहनेछ। अर्थका हिसाबले पनि दिन कमजोर रहला। |
| कुम्भ | केही जोखिमपूर्ण वा विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ला। समस्या दर्साउँदा सहयोगीहरूले साथ दिनेछन्। |
| मीन | पेसा–व्यवसायमा विशेष लाभ लिने समय छ। व्यापार बढ्नेछ भने आम्दानी पनि प्रशस्तै बढ्नेछ। |

# इतिहास, संस्कृति, प्रकृति र ........

स्थानीय खानपान र वास्तुकला बन्दीपुरको सांस्कृतिक पर्यटनका प्रमुख आधार हुन् । यहाँको संस्कृति केवल विगतको स्मृति होइन; समुदायको सामाजिक जीवनसँग जोडिएको निरन्तर अभ्यास हो ।

खड्गदेवी, थानीमाई, बिन्ध्यवासिनी तथा अन्य धार्मिक स्थलहरू बन्दीपुरको सांस्कृतिक तथा धार्मिक पर्यटनका महत्वपूर्ण केन्द्र हुन्। नेपाल पर्यटन बोर्डका अनुसार थानीमाईबाट बन्दीपुर बजार तथा वरिपरिका पहाड र हिमाली भू-दृश्यको आकर्षक अवलोकन गर्न सकिन्छ ।

यसैगरी बन्दीपुरका धार्मिक तथा सांस्कृतिक पर्वहरूले स्थानीय समुदायबीचको सामाजिक सम्बन्धलाई बलियो बनाउँदै आएका छन् । यस्ता परम्पराको संरक्षण पर्यटनका लागि मात्र होइन, स्थानीय पहिचान र पुस्तान्तरणका लागि पनि महत्वपूर्ण छ ।

### सिद्ध गुफा : प्रकृति र साहसिकताको संसार

बन्दीपुरको पर्यटनलाई विविधता दिने प्रमुख प्राकृतिक आकर्षणमध्ये सिद्ध गुफा महत्वपूर्ण छ। नेपाल पर्यटन बोर्डले सिद्ध गुफालाई नेपालकै सबैभन्दा ठूलो तथा एसियाको दोस्रो ठूलो प्राकृतिक गुफाका रूपमा प्रस्तुत गरेको छ ।

गुफाको प्राकृतिक संरचना, चुनढुङ्गाबाट बनेका आकृति र भूमिगत वातावरणले आगन्तुकलाई फरक किसिमको अनुभव प्रदान गर्छ। यसले बन्दीपुरको पर्यटनलाई सांस्कृतिक तथा दृश्यावलोकनमा मात्र सीमित नराखी साहसिक पर्यटनसँग पनि जोडेको छ ।

बन्दीपुरका पदमार्गहरू पनि उत्तिकै महत्वपूर्ण छन् । हरियाली वन, गाउँबस्ती, पहाडी भू-दृश्य र धार्मिक स्थल हुँदै जाने पदमार्गले पर्यटकलाई प्रकृतिसँग नजिकिने अवसर दिन्छ। नेपाल पर्यटन बोर्डले पनि बन्दीपुरका आसपासका पहाडी मार्गलाई पदयात्राका लागि आकर्षक गन्तव्यका रूपमा प्रस्तुत गरेको छ।

### टुँडिखेल, थानीमाई र हिमाली क्षितिज

बन्दीपुरको प्राकृतिक आकर्षणमध्ये दृश्यावलोकन विशेष महत्वको विषय हो। टुँडिखेल र थानीमाई क्षेत्रबाट वरिपरिका पहाड तथा हिमाली भू-दृश्यको विस्तृत अवलोकन गर्न सकिन्छ । नेपाल पर्यटन बोर्डका अनुसार थानीमाई बन्दीपुरको उच्च भागमा अवस्थित महत्वपूर्ण स्थल हो, जहाँबाट बन्दीपुर बजारसँगै अन्नपूर्ण क्षेत्र तथा वरिपरिका पहाडको दृश्य देखिन्छ ।

बन्दीपुरबाट देखिने हिमाली दृश्य मौसमअनुसार फरक अनुभव दिन्छ । सफा मौसममा हिमाल, हरिया पहाड, उपत्यका र गाउँबस्तीको संयोजनले यहाँको दृश्यलाई आकर्षक बनाउँछ । तर बन्दीपुरको प्राकृतिक सौन्दर्य केवल हिमालमा सीमित छैन। बिहानको कुहिरो, पहाडमा फैलिएको हरियाली, पुरानो बजारमाथि परेको घाम र साँझको बदलिँदो आकाशले यहाँको वातावरणलाई आफ्नै किसिमको सौन्दर्य प्रदान गर्छ ।

### शिक्षा र स्वास्थ्य : पर्यटन भन्दा परको अर्को परिचय

बन्दीपुरलाई पर्यटनका दृष्टिले मात्र हेर्दा यसको सामाजिक इतिहासको महत्वपूर्ण पक्ष छुट्न सक्छ । भानु माध्यमिक विद्यालय, नेटरडम विद्यालय र बन्दीपुर अस्पताललाई बन्दीपुरको शिक्षा तथा स्वास्थ्य क्षेत्रसँग सम्बन्धित महत्वपूर्ण संस्थाका रूपमा प्रस्तुत गरिएको छ । बन्दीपुर अस्पतालको हकमा भने बन्दीपुर गाउँपालिकाको आधिकारिक राजपत्रमा "बन्दीपुर अस्पताल सञ्चालन तथा व्यवस्थापन ऐन, २०८२" प्रकाशित भएको प्रमाण भेटिन्छ। यसले अस्पतालको संस्थागत व्यवस्थापन अहिले स्थानीय तहको औपचारिक संरचनासँग जोडिएको पुष्टि गर्छ।

### आधुनिक पर्यटनको नयाँ आयाम

बन्दीपुरले परम्परागत पर्यटनसँगै आधुनिक पर्यटन पूर्वाधारलाई पनि आत्मसात् गर्दै गएको छ । बन्दीपुर केबुलकार यसको एउटा प्रमुख उदाहरण हो । बन्दीपुर केबुलकार एन्ड टुरिजम लिमिटेडको आधिकारिक विवरणअनुसार कम्पनी नेपाल सरकारको कम्पनी रजिस्ट्रारको कार्यालयमा दर्ता भएको संस्था हो र यसको परियोजना बन्दीपुरको पर्यटन पूर्वाधारसँग जोडिएको छ।

केबुलकारले डुम्रे क्षेत्रबाट बन्दीपुरको पहाडी भूभागतर्फ पुग्ने पर्यटन अनुभवलाई नयाँ आयाम दिएको छ। कम्पनीले केबुलकारसँगै होटल तथा अन्य पर्यटन पूर्वाधार विकासका योजनाहरू पनि प्रस्तुत गरेको छ । यसले बन्दीपुरको पर्यटनलाई पुरानो बजार र पैदल यात्राको अनुभवमा मात्र सीमित नराखी आधुनिक पहुँच, आतिथ्य र दृश्यावलोकनसँग जोड्ने सम्भावना बढाएको छ।

तर आधुनिक पूर्वाधारको विकाससँगै बन्दीपुरका लागि संरक्षणको प्रश्न अझ महत्वपूर्ण बनेको छ। नयाँ संरचना निर्माण गर्दा पुरानो वास्तुकला, बजारको मौलिक स्वरूप र प्राकृतिक वातावरणसँग त्यसको सामञ्जस्य कायम राख्नु आवश्यक हुन्छ ।

### दिगो पर्यटन र संरक्षणको चुनौती

पर्यटन बढ्नु स्थानीय अर्थतन्त्रका लागि अवसर हो। होटल, होमस्टे, रेस्टुरेन्ट, यातायात, हस्तकला, कृषि उत्पादन तथा अन्य सेवामार्फत स्थानीय रोजगारी र आयका अवसर सिर्जना हुन सक्छन् । तर पर्यटकको संख्या बढ्दै जाँदा ऐतिहासिक संरचनामा दबाब, फोहोर व्यवस्थापन, पानीको माग, यातायातको चाप तथा अत्यधिक व्यावसायीकरणजस्ता चुनौती पनि आउन सक्छन् ।

त्यसैले बन्दीपुरको भविष्य केवल पर्यटक संख्या बढाउनमा होइन, पर्यटकको अनुभव र स्थानीय जीवनबीच सन्तुलन कायम गर्नमा निर्भर हुनेछ । पुराना घरलाई संरक्षण गर्दै प्रयोगमा ल्याउने, स्थानीय समुदायलाई पर्यटनबाट प्रत्यक्ष लाभ पुऱ्याउने, स्थानीय उत्पादन तथा खानालाई प्रवर्द्धन गर्ने, प्राकृतिक सम्पदाको संरक्षण गर्ने र सांस्कृतिक परम्परालाई सम्मान गर्ने अभ्यासले बन्दीपुरको पर्यटनलाई दीगो बनाउन सक्छ ।

### स्थानीय समुदाय नै पर्यटनको केन्द्र

बन्दीपुरको पर्यटन विकासको अन्तिम लाभ स्थानीय समुदायसम्म पुग्नु आवश्यक छ । पर्यटकले होटलमा मात्र खर्च गर्ने होइन, स्थानीय उत्पादन, स्थानीय खाना, होमस्टे, हस्तकला, कृषि तथा सांस्कृतिक अनुभवमा पनि सहभागी हुने वातावरण निर्माण गर्न सकिए पर्यटनको आर्थिक लाभ समुदायमा व्यापक रूपमा फैलिन सक्छ ।

यस दृष्टिले बन्दीपुरमा पर्यटनलाई केवल 'घुम्ने उद्योग' नभई स्थानीय अर्थतन्त्र र सांस्कृतिक संरक्षणको माध्यमका रूपमा विकास गर्न सकिन्छ । पर्यटकले एउटा पुरानो घर हेरेर फर्किनुभन्दा त्यस घरको इतिहास बुझ्न पाए, स्थानीय परिकार चाख्न पाए, स्थानीय व्यक्तिसँग संवाद गर्न पाए, पदमार्गमा स्थानीय प्रकृति अनुभव गर्न पाए र स्थानीय उत्पादन खरिद गर्न पाए, त्यस्तो पर्यटनले बन्दीपुरको अर्थतन्त्र र पहिचान दुवैलाई बलियो बनाउँछ।

### विगतलाई बोकेर भविष्यतर्फ

बन्दीपुरको कथा एउटा पहाडी बस्तीको मात्र कथा होइन । यो समयसँगै बदलिएको नेपालको सामाजिक-आर्थिक इतिहासको एउटा रोचक अध्याय पनि हो । कुनै समय व्यापारिक मार्गको महत्वपूर्ण केन्द्र रहेको बन्दीपुरले प्रशासनिक केन्द्रको हैसियत गुमायो। सडक सञ्जालको परिवर्तनसँगै पुरानो व्यापारिक महत्व घट्यो। तर त्यसपछि बन्दीपुरले आफ्नो शक्ति नयाँ ठाउँमा खोज्यो इतिहासमा, वास्तुकलामा, संस्कृतिमा र प्रकृतिमा । आज त्यही इतिहास पर्यटनको आधार बनेको छ।

नेपाल पर्यटन बोर्डले बन्दीपुरलाई परम्परागत नेवारी बस्ती, पहाडी संस्कृति, पदयात्रा, मन्दिर, गुफा र हिमाली दृश्यको संयोजनका रूपमा प्रवर्द्धन गरेको छ। बन्दीपुरको भविष्य अब यसको यही मौलिकतालाई कति बुद्धिमत्तापूर्वक संरक्षण र उपयोग गर्न सकिन्छ भन्ने कुरामा निर्भर छ।

### निष्कर्ष : बन्दीपुर एउटा अनुभूति हो

बन्दीपुर केवल 'घुम्ने ठाउँ' होइन। यो इतिहाससँग भेट्ने ठाउँ हो। यो वास्तुकलालाई आँखाले मात्र होइन, समयको कथाका रूपमा पढ्ने ठाउँ हो। यो मन्दिर, जात्रा र स्थानीय परम्परामार्फत संस्कृतिसँग संवाद गर्ने ठाउँ हो। यो पदमार्गमा हिँड्दै प्रकृतिसँग नजिकिने ठाउँ हो। र यो हिमाली क्षितिजतर्फ हेर्दै केही समय आ᳚नै व्यस्त जीवनबाट टाढा हुने ठाउँ हो ।

बन्दीपुरको सबैभन्दा ठूलो सम्पत्ति यसको प्राकृतिक सौन्दर्य मात्र होइन-आफ्नो पहिचान जोगाएर परिवर्तनलाई आत्मसात् गर्न सक्ने क्षमता हो । हिजो व्यापारिक कारोवारले प्रयोग गरेको बाटो आज पर्यटकको पदमार्ग बनेको छ । हिजो व्यापारीका घर रहेका संरचनामा आज आतिथ्य सेवा सञ्चालन भइरहेका छन् । हिजोको सांस्कृतिक जीवन आज पर्यटनको आकर्षण बनेको छ । र नयाँ पुस्ताले आधुनिक पूर्वाधारमार्फत बन्दीपुरलाई भविष्यसँग जोडिरहेको छ ।

त्यसैले बन्दीपुरलाई हेर्ने सही दृष्टिकोण विगत र आधुनिकताको द्वन्द्व होइन; विगतको संरक्षण गर्दै आधुनिकताको उपयोग गर्ने सहयात्रा हो । बन्दीपुरले हामीलाई एउटा महत्वपूर्ण सन्देश दिन्छ- इतिहासलाई बोझ होइन, भविष्य निर्माण गर्ने पूँजी बनाउन सकिन्छ। सायद यही नै 'पहाडकी रानी' बन्दीपुरको वास्तविक पहिचान हो।

### सन्दर्भसूची

१. नेपाल पर्यटन बोर्ड। Bandipur: Unveiling the Traditional Town of Nepal. नेपाल पर्यटन बोर्ड, काठमाडौं। बन्दीपुरको परम्परागत नेवारी संस्कृति, मन्दिर, गुफा, पदयात्रा, टुँडिखेल तथा थानीमाईसम्बन्धी आधिकारिक जानकारी।

२. नेपाल पर्यटन बोर्ड। Hill Stations- Bandipur. बन्दीपुरको व्यापारिक इतिहास, भौगोलिक अवस्था, सांस्कृतिक विविधता तथा पर्यटन आकर्षणसम्बन्धी जानकारी।

३. बन्दीपुर गाउँपालिका, तनहुँ। बन्दीपुर गाउँपालिकाको संक्षिप्त परिचय । बन्दीपुरको पुरानो सदरमुकाम, व्यापारिक नाका तथा वि.सं. २०२५ सालमा सदरमुकाम दमौली सारिएको सम्बन्धी आधिकारिक विवरण ।

४. बन्दीपुर गाउँपालिका, तनहुँ । राजपत्र तथा ऐनहरू "बन्दीपुर अस्पताल सञ्चालन तथा व्यवस्थापन ऐन, २०८२" लगायतका स्थानीय कानुनी दस्तावेज।

५. Bandipur Cable Car & Tourism Limited. Official Website and Project Information. बन्दीपुर केबुलकार तथा पर्यटन पूर्वाधारसम्बन्धी संस्थागत जानकारी।

६. बन्दीपुर गाउँपालिका। बन्दीपुरसम्बन्धी उपलब्ध मूल सामग्री। प्रयोगकर्ताद्वारा उपलब्ध गराइएको लेख-इतिहास, व्यापार, संस्कृति, प्रकृति, पर्यटन तथा संरक्षणसम्बन्धी विवरण।

७. बन्दीपुरसम्बन्धी दोस्रो मूल लेख। शिक्षा, स्वास्थ्य, सांस्कृतिक सम्पदा, आधुनिक पर्यटन, केबुलकार तथा कृषि पर्यटनसम्बन्धी उपलब्ध सामग्री।

८. देव बस्न्यात- बन्दीपुर र सेरोफेरोका ऐतिहासिक एवं साँस्कृतिक सम्पदा हरू -२०८१

पत्रिका नआइपुगे, ग्राहक बन्नु परेमा तथा विज्ञापन प्रकाशित गर्नु परेमा ।
सम्पर्क : ०६५-५६३९०७
www.bhanjyangnews.com
E-mail : bhanjyangdml@gmail.com, newsbhanjyang@gmail.com

## कार्यालय सहायक (लेखापाल) आवश्यकता

*विद्यालय सूचना प्रकाशित मिति : २०८३/०५/११*

भानु नगरपालिकाको शिक्षा, युवा तथा खुलकुद शाखा तनहुँको च.नं. ५५ मिति २०८३/०५/११ को प्राप्त अनुमति पत्रानुसार यस विद्यालयमा रिक्त रहेको कार्यालय सहायक (लेखापाल) नयुक्ति गर्नुपर्ने भएकाले यो १५ दिने सूचना प्रकिाशत गरिएको छ । उक्त पदका लागि योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूबाट तपसिलमा उल्लेखित कागजात सहित रितपूर्वकको दरखास्त आव्हान गरिन्छ । रित नपुगेको दरखास्त उपर कुनै कारवाही हुने छैन ।

तपसिल

१) **पद** : कार्यालय सहायक (लेखापाल/करार)
२) **आवश्यक संख्या** : १ (एक) जना
३) **शैक्षिक योग्यता** : लेखा विषय लिई +२ उत्तीर्ण
४) **दरखास्त शुल्क** : ५००/- (पाँच सय रूपैयाँ)
५) **तलब** : नेपाल सरकारले तोके बमोजिम
६) **उमेर** : १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको
७) **आवश्यक कागजात**: नेपाली नागरिकताको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, निरोगिताको प्रमाणपत्र
८) **परीक्षाको किसिम** : लिखित र अन्तरवार्ता ।
९) **दरखास्त दिने अन्तिम मिति** : २०८३/०५/२५ गतेसम्म
१०) **सम्पर्क मिति** : २०८३/०५/२५ गते विद्यालयमा समय भित्र ।
११) **परीक्षा मिति** : सम्पर्क मितिमा तोकिने छ ।

प्रधानाध्यापक
**श्री हिमालय माध्यमिक विद्यालय**
भानु-३, चाम्वास, तनहुँ । सम्पर्क : ९८४६५७७६३५, ९८४६५७७६३५

**बालबालिकाको खाना तथा खाजाको रूपमा पत्रु अर्थात जंकफुडको प्रयोग नगरौं । बालबालिकाको शारिरीक तथा मानसिक विकासमा सहयोग गरी स्मार्ट बनाऔं ।**

**स्वास्थ्य कार्यकर्ता:** ओ हो भाउजु नमस्कार । स्कुल बस कुर्नु भएको ? अनि यति सानो बच्चालाई यति गरूङ्गो किताबको भारी बोकाएर आफु चैं छाता ओढेर बस्नु भएको छ ।
**आमा:** के गर्नु ? बानी पार्नु पर्छ नि नानी ।
**स्वास्थ्य कार्यकर्ता:** के मा बानी पार्नुहुन्छ हौ भाउजु ? बिचरा यति सानो बाबु बिहान ८ बजे कति खुवाएर पठाउनुहुन्छ ? अनि स्कुलमा खाजाको रूपमा घरमा तयार पारेको खाजा पठाउनुहुन्न, पसलका चाउचाउ, विस्कुट जस्ता पत्रु खाना र जंकफुड मात्र खुवाउनुहुन्छ, फेरी बेलुकी ६ बजे बसबाट आइपुग्छ, अनि उसैलाई होमवर्ककै चटारो, यो त बालबालकाको लागि शारिरीक तथा मानसिक यातना जस्तै भो नि हैन र ?
**आमा:** के गर्नु त नानी, नजिकका स्कुल भर्ना गर्न सकिनँ, खाजा पकाउनै भ्याइदैन ।
**स्वास्थ्य कार्यकर्ता:** आफ्नो बच्चाको स्वास्थ्यको लागि समय निकाल्नु पऱ्यो नि भाउजु, बच्चाको शारिरीक तथा मानसिक वृद्धि विकास र राम्रो पढाइ हुनको लागि पोषणयुक्त खानाको आवश्यत्ता पर्छ, पोषणयुक्त खाना खान नपाउँदा, उमेर भन्दा बढि तौल भएको किताबो भारी बोकाउँदा, बढी होमवर्क गर्नु पर्दा बच्चाको शारिरीक एवं मानसिक विकासमा नकारात्मक असर पुऱ्याउँछ ।
**आमा:** ए तेसो पो हो नानी ? ल अर्को वर्षदेखि चैं नजिकको स्कुलमा जसरी नि पठाउँछौं, अनि घरमै बनाएको खाना र खाजा खुवाउँछौं । ल है नानी स्कुल बस आयो । धन्यवाद है नानी ।

**देवघाट गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
देवघाट, तनहुँ । गण्डकी प्रदेश

**मिर्लुङ पोलिक्लिनिक प्रा.लि.**
**व्यास नगरपालिका-२, दमौली तनहुँ**
फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२, ९७०३४५७५७८

भदौ १३ गते शनिबार



**डा. जयन्ती ज्वारचन**
वरिष्ठ छाला, यौन, कुष्ठ तथा सौन्दर्य रोग विशेषज्ञ
(Manipal Teaching Hospital, Pokhara)

सुन्दर छाला, स्वस्थ यौन जीवन र कुष्ठमुक्त समाजको लागि समयमै परीक्षण गरौं।

**स्वास्थ्य परीक्षण तथा उपचार गरिने प्रमुख समस्या र लक्षणहरू:**

१. **छाला सम्बन्धी रोगहरू:**
अनुहार, हात, शरीरमा रास, डाबर वा रातो-गुलियो देखिनु, चिलाउने, सुन्निने, फोकाहरू आउने, खोपडीमा बोसो, ड्यान्ड्रफ वा रौं झर्ने समस्या, सोरायसिस (Psoriasis), एक्जिमा (Eczema), एलर्जी

२. **यौनरोग सम्बन्धी समस्याहरू (Male/Female):**
यौनाङ्गमा घाउ, दुखाइ वा फोका आउने, यौन रोगजन्य संक्रमण (STI/STD), जलन, गन्ध, शीघ्रपतन, नपुंसकता, यौन दुर्बलता, यौन जीवनमा आत्मविश्वासको कमी

३. **कुष्ठ (Leprosy) रोग:**
छालामा संवेदनाहीन रङ फेरेको दाग, हातखुट्टा टर्रिने, कमजोरी वा सुन्निने, कुष्ठ रोगका प्रारम्भिक लक्षणहरू, लामो समयको छाला समस्या जसले निको हुँदैन

४. **सौन्दर्य चिकित्सा (Aesthetic Dermatology):**
छालाको रङ, दाग, डार्क स्पट हटाउने उपचार, फेसियल थेरापी, स्किन पीलिङ, स्कार ट्रीटमेन्ट, मुहार चम्काउने र त्वचा टाइट गर्ने उपायहरू, हेयर ट्रीटमेन्ट तथा लेजर सेवा, कपाल झर्ने समस्यामा Inj PRP दिनुको साथै कपाल झरेर पुरै टाउको खाली भएको र ठाउँ ठाउँमा खाली भएकोमा कपाल रोप्ने (Trasplant) पनि गरिन्छ ।

**हाम्रा उपलब्ध सेवाहरू :**

१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार तथा Whole body test पनि गरिन्छ ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्ग, स्टेचिङ्ग आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी निःशुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा ।

जि.का.कास्की द.नं. ११/२०३९/०४०,
जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९
२०८३ भदौं १२ गते शुक्रबार
August 28, 2026

# सर्वदलीय बैठकः उद्धार र राहतमा राजनीतिक प्रतिस्पर्धाभन्दा सहकार्यलाई ध्यानमा दिइने

**रासस**/काठमाडौं

भोटेकोशी बाढीबाट भएको क्षति, खोजी तथा उद्धार, राहत र पुनःस्थापनाका विषयम राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेको आह्वानमा आज सिंहदरबारमा बसेको बैठकले उद्धार र राहत कार्यमा खटिँदा राजनीतिक प्रतिस्पर्धाभन्दा सहकार्यको भावनालाई प्रोत्साहित गर्न आह्वान गरेको छ ।

विहीबार सिंहदरबारमा बसेको सर्वदलीय बैठकले भोटेकोशी लगायत नदी बेसिनमा आएको बाढीका कारण रसुवा, नुवाकोट, धादिङ, गोरखा, चितवन, नवलपरासीसहित जिल्लामा पर्न गएको मानवीय र भौतिक संरचनाको विनाशप्रति गहिरो शोक व्यक्त गर्दै सबै सक्रिय भएर उद्धार र राहतमा खटिन आह्वान गरेको छ ।

सर्वदलीय बैठकले विपद् व्यवस्थापनमा आ-आफ्नो क्षेत्रबाट सक्दो सहयोग गर्न सबै राजनीतिक दल, तीनका संघ, संगठन र सदस्यलाई आह्वान गर्दै विपद्का समयमा गरिने सहयोग सस्तो लोकप्रियता वा राजनीतिक स्वार्थपूर्तिको माध्यम बन्नु हुँदैन भन्नेमा सम्पूर्ण दलहरु स्पष्ट हुनुपर्नेमा जोड दिएको छ ।

सर्वदलीय बैठकले विपद् व्यवस्थापनमा हुने आर्थिक संकलन पारदर्शी र व्यवस्थित गराउँदै सम्पूर्ण पार्टी पङ्क्ति, स्वदेश तथा विदेशमा रहेका नागरिक र शुभचिन्तकलाई नेपाल सरकारको आधिकारिक 'प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष' वा सरकारले तोकेको आधिकारिक खातामा मात्र आर्थिक सहयोग जम्मा गर्न विशेष आह्वान गरेको छ ।

यसैगरी, सामाजिक सञ्जालको विवेकसम्मत प्रयोग र संवेदनशील सूचना प्रवाह गर्न आह्वान गरिएको छ । बैठकले विपद्को संवेदनशील घडीमा सामाजिक सञ्जालमा फैलिनसक्ने भ्रामक सूचना र अतिरञ्जित दृश्यले समाजमा मनोवैज्ञानिक त्रास सिर्जना गर्नुका साथै प्रभावितको गोपनीयता र आत्मसम्मानमा चोट पुऱ्याउने भएकाले पनि आधिकारिक निकायबाट प्रमाणित सूचना मात्र सम्प्रेषण गर्न र सामाजिक सञ्जालको संयमित, विवेकसम्मत र उत्तरदायी प्रयोग गर्न सम्पूर्ण नागरिक तथा सञ्चारमाध्यमलाई अनुरोध गरेको छ ।

बैठकले हिमतालको वैज्ञानिक अध्ययन र सीमापार संयुक्त पहल गर्ने विषयमा जोड दिएको छ । नेपालभित्रका जोखिमपूर्ण हिमतालको विस्तृत वैज्ञानिक अध्ययन र नक्साङ्कन अविलम्ब सुरु गर्न सरकारसँग माग गरेको छ ।

सीमापार (चीनतर्फ) रहेका हिमतालको जोखिम आँकलन र न्यूनीकरणका लागि मित्रराष्ट्र चीनसँग तत्काल उच्चस्तरीय कूटनीतिक पहल गरी वैज्ञानिक तथा प्राविधिक अध्ययन संयन्त्र गठन गर्न सरकारको गम्भीर ध्यानाकर्षण गराइएको छ । विपद् कूटनीति र पूर्वसूचना प्रणालीमा समन्वय गरेर तल्लो तटीय क्षेत्रका नागरिकलाई सुरक्षित गर्न सकिने गरी प्रविधिमैत्री र भरपर्दो संयन्त्र विकास गर्न सरकारलाई सुझाव दिएको छ ।



बैठकले महिला, बालबालिका, ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरु विपद्मा सर्वाधिक जोखिममा पर्ने पक्षलाई मनन गर्दै तीनको उद्धार, राहत र व्यवस्थापनमा प्राथमिकता दिन आग्रह गरेको छ ।

नेपालले भोगिरहेका यस्ता 'हानि-नोक्सानी'का विषयलाई अन्तरराष्ट्रिय मञ्चमा सशक्त रुपमा उठाउँदै जलवायु न्यायको सिद्धान्तअनुरुप अन्तर्राष्ट्रिय समुदाय र बहुपक्षीय विकास साझेदारलाई दायित्व बोध गराउन पनि सरकारलाई आग्रह गरेको छ ।

बैठकले अकल्पनीय क्षतिपछिको उद्धार, राहत, पुनःस्थापना तथा पुनर्निर्माणमा आवश्यक मानवीय, प्राविधिक तथा आर्थिक सहयोग उपलब्ध गराउन संयुक्त राष्ट्रसंघ, विकास साझेदार निकाय, अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, मित्रराष्ट्र तथा प्रवासी नेपाली समुदाय लगायतलाई अपिल गरेको छ । बैठकले दीर्घकालीन समाधानका लागि 'उच्चस्तरीय सर्वदलीय संयन्त्र' गठन गरेको छ।

रास्वपाको आह्वानमा आज बसेको सर्वदलीय बैठकमा राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने, नेपाली कांग्रेसका सभापति गगनकुमार थापा, नेपाली कम्युनिष्ट पार्टीका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड', नेकपा एमालेका महासचिव शङ्कर पोखरेल, श्रम संस्कृति पार्टीका प्रतिनिधि ध्रुव राई, राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष राजेन्द्र लिङ्देन, जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवलगायतको सहभागिता थियो ।

## बाढीको कारण हिउँ-चट्टान ......

दोस्रो बाढी आउन सक्ने चेतावनी दिएका छन् र जिलुङ बन्दरगाह सुरक्षित स्थानमा सार्ने आदेश अहिले नै जारी गरिएको छ", उहाँले भन्नुभयो ।

बाढीका कारण प्रभावित क्षेत्रमा जलविज्ञान मापन केन्द्रलगायतका पूर्वाधारमा ठूलो क्षति पुगेको बताइएको छ । भोटेकोशी नदी तथा यससँग जोडिएका नदी प्रणालीका किनारमा धेरै जलविद्युत् आयोजना छन् ।

**सीमापार विपद् जोखिमको सामना गर्न क्षेत्रीय सहकार्य आवश्यक**

इसिमोडका वरिष्ठ 'क्रायोस्फियर विशेषज्ञ' (हिमनदी, हिउँको अवस्था, जलवायु परिवर्तनको प्रभाव र हिमताल फुट्ने जस्ता जोखिमको अध्ययन गर्ने वैज्ञानिक) मोहम्मद फारूक आजमले क्रायोस्फियरसँग सम्बन्धित जोखिमको बढ्दो आवृत्ति पहिलेभन्दा स्पष्ट रुपमा देखिन थालेको बताउनुभयो ।

"परिवर्तनको गति यति तीव्र छ कि विद्यमान प्रयासहरु त्यससँग जुध्न कठिनाइमा परिरहेका छन् । आज ल्हेन्दे खोलामा भएको विपद्ले सीमापार जोखिमको सामना गर्न अझ बलियो क्षेत्रीय सहकार्य आवश्यक रहेको देखाएको छ। सीमापार जोखिमको प्रतिकार्यका लागि सरकारले समन्वयात्मक रुपमा काम गर्नुपर्छ", उहाँले भन्नुभयो ।

इसिमोडका विज्ञले घटनाको कारण र तल्लो तटीय समुदायमा जारी जोखिमलाई अझ राम्रोसँग बुझ्न जलविज्ञान, भूकम्पीय, रिमोट सेन्सिङ तथा स्थलगत तथ्याङ्कको विश्लेषण जारी राखेको जनाएका छन् । इसिमोडले नेपाल सरकार, वैज्ञानिक संस्थाहरु तथा चीनका साझेदारसँग मूल्याङ्कनको काम जारी रहँदा नजिकबाट सम्पर्क र समन्वय गरिरहेको जनाएको छ ।

इसिमोडका महानिर्देशक पेमा ग्याम्त्सोले अचानक र अप्रत्याशित रुपमा आएको दुःखद विपद्बाट मर्माहत भएको उल्लेख गर्दै यो कठिन समयमा नेपालका जनता र सरकारप्रति ऐक्यबद्धता व्यक्त गर्नुभयो । साथै उहाँले पीडित तथा उनीहरुका परिवार र प्रभावित सबैप्रति समवेदना प्रकट गर्दै सम्भव भएसम्म सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

वैज्ञानिकहरुले हिन्दूकुश हिमालय क्षेत्रमा जलवायु परिवर्तनका कारण हिमनदी, हिउँको अवस्था, पर्माफ्रस्ट (स्थायी रुपमा जमेको भू-सतह) तथा हिमाली भिरालो भूभागमा परिवर्तन भइरहेको भए पनि यस विशेष घटनामा जलवायु परिवर्तनको भूमिका के थियो भन्ने निर्धारण गर्न अहिले नै हतार हुने बताएका छन् । रासस

उपभोक्ताहरूले खाद्य वस्तु खरिद गर्दा खाद्य पदार्थको बाहिरी आवारणको लेवलमा खुलाउनु पर्ने अनिवार्य मापदण्ड (उत्पादन मिति, उपभोग्य मिति, व्याच नम्बर, तौल/आयतन, उद्योगको पुरा नाम ठेगाना) हेरेर मात्र खरिद गरौं ।

गलत समाचार र भ्रामक सूचनाको पहिचान गरौं

- कुनैपनि समाचार वा सूचना सार्वजनिक गर्नुअघि स्रोतको सत्यता जाँच गरौं,
- आधिकारिक निकायबाट प्रकाशित सूचना र समाचारमा विश्वास गरौं,
- शीर्षक मात्र होइन, सम्पूर्ण सामग्री पढेर बुझ्ने बानी बसालौं,
- अपुष्ट, भ्रामक वा उत्तेजनात्मक सामग्री सामाजिक सञ्जालमा सार्वजनिक नगरौं,
- फोटो, भिडियो वा अडियोको सत्यता पुष्टि गरेर मात्र विश्वास गरौं,
- अफवाह फैलाउने कार्यबाट टाढा रहँदै जिम्मेवार नागरिक बनौं,
- गलत सूचना भेटिएमा सम्बन्धित निकायलाई जानकारी दिऔं।

सत्य, तथ्य र जिम्मेवार सञ्चार संस्कृतिको विकास गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

facebook twitter

**Muma Ram Khanal**
x.com/MumaRamKhanal



पोहोर साल यसै महिनामा भएको आगजनी र महाविध्वंश, बाढीबाट रसुवामा भएको जनधनको क्षति र अहिले भएको जनधनको महाविनासलाई मुलुकले कसरी थेग्ने होला? संझिदा पनि कहाली लाग्छ । तर सहनु र जनतन मिलेर अगाडि बढ्नुबाहेक हामीसँग अर्को उपाय पनि छैन । निराशा, महंगी र आर्थिक रूपमा डामाडोल भएको मुलुकलाई थप निराशाबाट बचाउन सबैले हातेमालो गरेर यो प्राकृतिक प्रकोपको सामना गरौं । सबैले दिल खोलेर आफुले सक्ने हरेक प्रकारको सहयोग गरौं ।

# व्यासले बाढीपीडितका लागि रू ५ लाख ५१ हजार सहयोग गर्ने

**भञ्ज्याङ समाचारदाता**/दमौली

भोटेकोशी हुँदै त्रिशूली नदीमा आएको भीषण बाढीबाट प्रभावित नागरिकको उद्धार, राहत तथा पुनःस्थापनाका लागि व्यास नगरपालिकाले पाँच लाख ५१ हजार रूपैयाँ सहयोग गर्ने भएको छ । व्यास नगरपालिकाले विपद् पुनःस्थापना कोषबाट रू. ५ लाख ५१ हजार प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गर्ने निर्णय गरेको हो ।

बुधबार बिहान भोटेकोशी हुँदै त्रिशूली नदीमा आएको बाढीका कारण रसुवा, नुवाकोट, धादिङलगायत जिल्लाका नदी किनारमा ठूलो धनजनको क्षति भएको घटनाप्रति दुःख व्यक्त गर्दै नगरपालिकाले विपद्को यस घडीमा प्रभावितको उद्धार तथा राहतका लागि सहयोग गर्ने निर्णय गरेको जनाएको छ ।

नगरपालिकाले आफ्ना जनप्रतिनिधि तथा कर्मचारीका तर्फबाट समेत पछि निर्णय भएबमोजिम थप सहयोग गरिने जनाएको छ । राष्ट्रिय विपद्को अवस्थामा नगरपालिकाका तर्फबाट गरिने अन्य सहयोगका लागि जिल्ला विपद् व्यवस्थापन समिति तथा जिल्ला प्रशासन कार्यालयसँग आवश्यक समन्वय भइरहेको नगर प्रमुख वैकुण्ठ न्यौपानेले बताए ।

त्यसैगरी, व्यास नगरपालिका अन्तर्गतका सामाजिक संघसंस्थाले बाढीपीडितका लागि सहयोग संकलन गर्न चाहेमा जिल्ला विपद् व्यवस्थापन समितिसँग समन्वय गरी सहयोग संकलन तथा वितरण गर्न नगरपालिकाले अनुरोध गरेको छ ।

नगरपालिकाले बाढी प्रभावित क्षेत्रमा पुगेर हालसम्म सम्पर्कमा नआएका नगरवासी भए सम्बन्धित आफन्तले नगरपालिकालाई जानकारी गराउनसमेत आग्रह गरेको छ । बाढीमा परी ज्यान गुमाउनेहरुप्रति श्रद्धाञ्जली व्यक्त गर्दै नगरपालिकाले घाइतेहरुको शीघ्र स्वास्थ्यलाभको कामना तथा शोकसन्तप्त परिवारजनमा समवेदना प्रकट गरेको छ ।

# म्याग्देका जनप्रतिनिधि र कर्मचारीद्वारा ८ लाख २३ हजार सहयोग

**भञ्ज्याङ समाचारदाता**/म्याग्दे

रसुवा भोटेकोशी लगायतका क्षेत्रमा आएको विनाशकारी बाढीपहिरोबाट प्रभावित नागरिकको राहत तथा उद्धारका लागि म्याग्दे गाउँपालिकाका जनप्रतिनिधि तथा कर्मचारीले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा ८ लाख २३ हजार ९१७ रूपैयाँ सहयोग गर्ने भएका छन् ।

म्याग्दे गाउँपालिकाको कार्यपालिकाको बैठकको निर्णयअनुसार गाउँपालिकाका जनप्रतिनिधि तथा कर्मचारीले आफ्नो पाँच दिनको तलब बराबरको रकम राहत कोषमा जम्मा गर्ने निर्णय गरेका हुन् ।

गाउँपालिकाका लेखा अधिकृत शिवजी थापाका अनुसार जनप्रतिनिधि तथा कर्मचारीको पाँच दिनको तलबबाट संकलित ८ लाख २३ हजार ९१७ रूपैयाँ प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गरिनेछ।

यसअघि गाउँपालिकाले कार्यपालिकाको निर्णयअनुसार कोषमा थप ५ लाख सहयोग गर्ने निर्णय गरिसकेको छ। गाउँपालिकाले विपद्बाट प्रभावित नागरिकको उद्धार, राहत तथा पुनःस्थापनामा सहयोग पुऱ्याउने उद्देश्यले उक्त सहयोग गर्ने निर्णय गरेको जनाएको छ।

बाढीपहिरोबाट प्रभावित परिवारको पीडामा साथ दिन गाउँपालिकाले आफ्नो सामर्थ्य अनुसार सहयोग गर्न स्थानीय नागरिकलाई समेत अपिल गरेको छ।

bhanjyangnews.com
Email- bhanjyangdml@gmail.com
newsbhanjyang@gmail.com

भञ्ज्याङ पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित भञ्ज्याङ राष्ट्रिय दैनिक पत्रिकाको लागि सम्पादक : नारायण खड्का ।
कार्यालय : ब्यास-२, दमौली, तनहुँ । फोनः ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com मुद्रण :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४